# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) धनगढी, नेपाल, कार्तिक ३ गते, २०७९ साल (संख्या १०

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

### सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९

प्रस्तावना: सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७६ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुदान" भन्नाले प्रदेश सरकारका विभिन्न निकायहरूबाट कृषि बाली, वस्तु तथा पशुपन्छी र मत्स्यजन्य वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण तथा गुणस्तर नियन्त्रणका लागि कृषक, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी तथा कृषि उद्यमी (फर्म वा कम्पनी) लाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोग सम्झनु पर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले प्रदेश सरकारका विभिन्न निकायहरूबाट उपलब्ध गराइने अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी र कृषि उद्यमी (फर्म वा कम्पनी) सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७६ सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले प्रदेशको मन्त्रालय र अन्तर्गतका कार्यालय सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले प्रदेशको मन्त्रालय अन्तगर्तको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## उपसमिति गठन तथा काम, कर्तव्य र अधिकार

३. कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन उपसमिति : (१) ऐनको दफा ६ बमोजिमको मन्त्रालयमा देहाय बमोजिम कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन उपसमिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) प्रमुख वा अधिकृत प्रतिनिधि, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा -सदस्य

(ग) प्रमुख वा अधिकृत प्रतिनिधि, प्रशासन तथा सहकारी विकास महाशाखा -सदस्य

(घ) प्रमुख वा अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा -सदस्य

(ङ) प्रमुख वा अधिकृत प्रतिनिधि, भूमि व्यवस्था महाशाखा -सदस्य

(च) प्रमुख वा अधिकृत प्रतिनिधि, भूमि श्रोत नक्सांकन महाशाखा -सदस्य

(छ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(ज) लेखा अधिकृत, मन्त्रालय -सदस्य

(झ) प्रमुख, योजना तथा अनुगमन महाशाखा -सदस्य-सचिव

(२) ऐनको दफा ६ बमोजिमको निर्देशनालयमा संयोजक कृषितर्फको भए सदस्य पशुपन्छी र संयोजक पशुपन्छीतर्फको भए सदस्य कृषितर्फको हुने गरि देहाय बमोजिम कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन उपसमिति रहनेछः-

(क) प्रमुख वा निर्देशक, सम्बन्धित निर्देशनालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित निर्देशनालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, कृषि अनुसन्धान निर्देशनालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) योजना हेर्ने अधिकृत, निर्देशनालय -सदस्य-सचिव

(३) ऐनको दफा ६ बमोजिमको कार्यालयमा देहाय बमोजिम कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन उपसमिति रहनेछः-

(क) प्रमुख, कार्यालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति -सदस्य

(ग) अधिकृत प्रतिनिधि, मन्त्रालय मातहत अन्य कार्यालय -सदस्य

(घ) प्रदेश लेखा इकाई वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) योजना हेर्ने अधिकृत, कार्यालय -सदस्य-सचिव

४. <u>बैठक सम्बन्धी कार्यविधिः</u> (१) उपसमितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) उपसमितिको बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(३) उपसमितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) उपसमितिले बढीमा तीन जनासम्म सम्बन्धित विषयविज्ञ वा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपसमितिको बैठक सम्बन्धी अन्य व्यवस्था उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>उपसमितिको काम, कर्तव्य र अधिकारः</u> (१) नियम ३ को उपनियम (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानुन बमोजिम स्वीकृत कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन गर्ने,

(ख) प्रस्ताव साथ पेश गर्नु पर्ने आवश्यक कागजात निर्धारण गर्ने,

(ग) अनुसूची-८ बमोजिम मूल्याङ्कनका आधार आवश्यकता अनुसार विस्तृतीकरण गरी मूल्याङ्कन गर्ने र नियम १५ वमोजिम अनुदानग्राही छनौट गर्ने,

(घ) मन्त्रालय र अन्तर्गत सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(ङ) अनुसुची-३ बमोजिमको मापदण्डको आधारमा निर्देशनालयस्तर उपसमितिको सिफारिसमा बृहत तथा विशेष उत्पादन क्षेत्र छनौटका लागि ऐनको दफा ३ वमोजिमको समितिमा सिफारिस गर्ने,

(च) कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित महाशाखालाई आवश्यक निर्देशन दिने ।

(२) नियम ३ को उपनियम (२) बमोजिमको उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रचलित कानून बमोजिम स्वीकृत कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन गर्ने,

(ख) प्रस्ताव साथ पेश गर्नु पर्ने आवश्यक कागजात निर्धारण गर्ने,

(ग) अनुसूची-८ बमोजिम मूल्याङ्कनका आधार आवश्यकता अनुसार विस्तृतीकरण गरी मूल्याङ्कन गर्ने र नियम १५ बमोजिम अनुदानग्राही छनौट गर्ने,

(घ) सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(ङ) अनुसची-३ बमोजिमको मापदण्डको आधारमा जिल्लास्तरीय उपसमितिको सिफारिसमा बृहत तथा विशेष उत्पादन क्षेत्र छनौट गर्न राय सहित मन्त्रालयस्तरीय उपसमितिमा सिफारिस गर्ने,

(च) निर्देशनालय र अन्तर्गत सञ्चालित कार्यक्रमको आवधिक रुपमा समिक्षा गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।

(३) नियम ३ को उपनियम (३) बमोजिमको उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानून बमोजिम स्वीकृत कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन गर्ने,

(ख) प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजात निर्धारण गर्ने,

(ग) अनुसूची-८ बमोजिम मूल्याङ्कनका आधार आवश्यकता अनुसार विस्तृतीकरण गरी मूल्याङ्कन गर्ने र नियम १५ बमोजिम अनुदानग्राही छनौट गर्ने,

(घ) सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(ङ) अनुसुची-३ बमोजिमको मापदण्डको आधारमा बृहत तथा विशेष उत्पादन क्षेत्र छनौट गर्न निर्देशनालयस्तरीय उपसमितिमा सिफारिस गर्ने,

(च) सञ्चालित कार्यक्रमको आवधिक रुपमा समिक्षा गरी निर्देशनालय मार्फत प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।

## परिच्छेद-३

## कृषि तथा पशुपन्छी व्यवसायको सुचिकरण

६. **कृषि व्यवसाय सूचीकृत गर्नुपर्ने:** (१) कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालन गर्नका लागि ऐनको दफा ७ को उपदफा (१) वमोजिम दर्ता भएका व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्थाले प्रत्येक वर्ष सम्बन्धित कार्यालयमा सूचीकृत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निकायमा सूचीकृत हुनका लागि सम्बन्धित कार्यालयले श्रावण महिनामा अनुसूची-१ वमोजिम तीस दिनको सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचनाको आधारमा व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्थाले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

तर यो नियमावली प्रारम्भ भएको वर्षको दोस्रो चौमासिक भित्र सूचीकृत भइसक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी सम्बन्धित कार्यालयले पन्ध्र दिनभित्र सूचिकृत

भएका व्यक्ति, समुह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्थाको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचीकृत भएका व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्थालाई मात्र स्वीकृत कार्यक्रममा सहभागी गराउन सकिनेछ ।

## परिच्छेद-४

## बृहत एवं विशेष उत्पादन क्षेत्र

७. **बृहत एवं विशेष उत्पादन क्षेत्र सञ्चालन प्रक्रिया: (१) बृहत एवं विशेष उत्पादन क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमका लागि मन्त्रालयले बार्षिक कार्यक्रममा आवश्यक बजेटको व्यवस्था गर्नेछ ।**

**(२) वृहत एवम विशेष उत्पादन क्षेत्र कार्यक्रम सञ्चालन गरिने क्षेत्रभित्र नियम ६ बमोजिम सूचिकृत भएका व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्थाबाट** दुई जना महिलाको प्रतिनिधित्व हुने गरी अध्यक्षसहित सात सदस्यीय बृहत एवं विशेष उत्पादन क्षेत्र व्यवस्थापन समिति रहनेछ ।

(३) उपनियम (२) बमोजिमको समितिमा सम्बन्धित स्थानीय तहको कृषि वा पशु शाखाको प्रमुख सदस्य र सम्बन्धित कार्यालयको प्रतिनिधि सदस्य-सचिव रहनेछ ।

(४) उपनियम (२) बमोजिमको समितिलाई सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(५) उपनियम (२) बमोजिमको समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपनियम (२) वमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालन गर्नका लागि कृषक परिवारको पहिचान तथा तथ्याङ्क संकलन गर्न कार्यालयलाई सहयोग गर्ने,

(ख) कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र सोको परिमाणको आङ्कलन गर्ने,

(ग) उत्पादन योजना तथा लागत इष्टिमेट तयार गरी सम्बन्धित कार्यालयमा पेश गर्ने,

(घ) कार्यक्रम सञ्चालन गर्नका लागि कृषकका तर्फवाट लगानीको सुनिश्चितता गर्ने,

(ङ) कार्यक्रम स्थलमा निर्माण हुने पूर्वाधार विकास सम्बन्धी कार्यका लागि सम्बन्धित कार्यालयसँग समन्वय गर्ने,

(च) वृहत एवं विपेश उत्पादन क्षेत्रभित्र निर्माण गरिने पूर्वाधार निर्माण तथा सञ्चालन, कृषकलाई कृषि सामाग्री आपूर्ति तथा उत्पादित बस्तुको बजारीकरणको व्यवस्था मिलाउने,

(छ) वृहत एवं विपेश उत्पादन क्षेत्र कार्यक्रम सञ्चालन अवधि समाप्ति पछिको दिगोपनाका लागि आवश्यक कार्य गर्ने,

(ज) सरोकारवाला निकायहरुसँग समन्वय गर्ने।

८. बृहत एवं विशेष उत्पादन क्षेत्रमा प्रदान गरिने सेवा सुविधा : (१) सम्बन्धित कार्यालयले बृहत एवं विशेष उत्पादन क्षेत्रमा विशेष बाली वा वस्तुको उत्पादन अभिवृद्धि, व्यवसायिकरण, प्रशोधन र बजारीकरणका लागि चालु तथा पूँजीगत अनुदान कम्तीमा तीन वर्ष र बढीमा पाँच वर्षसम्म प्रदान गर्न सक्नेछ।

तर बृहत एवं विशेष उत्पादन क्षेत्र व्यवस्थापन समिति तथा लाभान्वित समुदायले सन्तोषजनक काम नगरेमा वा कार्यक्रम प्रभावकारी रुपमा अगाडि बढाउन सकिने अवस्था नदेखिएमा त्यस्तो कार्यक्रम जुनसुकै बेला पनि रद्द गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको बृहत एवम विशेष उत्पादन क्षेत्र व्यवस्थापन समिति मार्फत सञ्चालन गरिने क्रियाकलापको हकमा अनुसूची-९ बमोजिम अनुदान प्रदान गरिनेछ ।

(३) बृहत एवम विशेष उत्पादन क्षेत्र व्यवस्थापन समिति मार्फत सञ्चालन गरिने क्रियाकलापको हकमा अनुसूची-६ अनुसार सम्झौता गरी कार्य सम्पादन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्झौता अनुसारको कार्य सम्पन्न पूरा भएपछि सार्वजनिक सुनुवाई गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सार्वजनिक सुनुवाई गरिसकेपछि आवश्यक कागजात, बिल, भरपाई कार्यालयमा पेश भएपछि कार्यालयले कार्य सम्पन्न प्रतिवेदनको आधारमा बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

(६) वृहत एवं विशेष उत्पादन क्षेत्रमा आवश्यक प्राविधिक सेवा प्रदान गर्न कार्यालयले एक जना प्राविधिक सेवा करारमा नियुक्त गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम नियुक्त गरिएको प्राविधिकको पारिश्रमिक कार्यक्रम वजेटबाट उपलब्ध गराइनेछ ।

(८) उपनियम (७) बमोजिम सेवा करारमा नियुक्त **प्राविधिकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-**

**(क) वृहत एवं विशेष उत्पादन क्षेत्र व्यवस्थापन समितिको मातहतमा रही वृहत एवं विशेष उत्पादन भित्रका कृषकहरुलाई स्थलगत रुपमा प्राविधिक सेवा प्रदान गर्ने,**

**(ख) कृषकहरूलाई उत्पादन तथा बजारीकरण योजना तयार गर्न सहयोग गर्ने,**

(ग) तथ्याङ्क संकलन गरी सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्ने,

(घ) वृहत एवं विषेश उत्पादन क्षेत्र भित्र भएका कार्यप्रगति कार्यालयमा पेश गर्ने।

परिच्छेद-५

कृषि पूर्वाधार विकास

९. कृषि पूर्वाधार विकासः (१) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा उत्पादनको बजारीकरणलाई सहज पार्न मन्त्रालयले ऐनको दफा १० बमोजिमका कृषि पूर्वाधार

विकास कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गर्नेछ ।

(२) उपनियम (१) बमोजिमका पूर्वाधार निर्माण गर्दा मन्त्रालय वा कार्यालयले लागत साझेदारी वा निर्माण, सञ्चालन र हस्तान्तरण अवधारणा बमोजिम निर्माण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम साझेदारीमा पूर्वाधार निर्माण गर्दा अनुदान प्रतिशत अनुसूची-९ बमोजिम हुनेछ । निर्माण, सञ्चालन र हस्तान्तरण अवधारणा बमोजिम पूर्वाधार निर्माण गर्दा प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पूर्वाधारको दुरुपयोग भएको अवस्थामा कार्यालयले त्यस्तो संरचना आफैं वा कुनै उपयुक्त दोस्रो पक्षलाई सञ्चालनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद-६

## कृषि तथा पशुपन्छी बजार व्यवस्थापन

१०. कृषि तथा पशुपन्छी बजार व्यवस्थापन समितिः (१) ऐनको दफा १३ को उपदफा (२) बमोजिम कृषि तथा पशुपन्छी बजारको सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक बजारमा देहाय बमोजिमका सदस्य रहने गरी कृषि तथा पशुपन्छी बजार व्यवस्थापन समिति रहनेछः-

(क) कृषिवस्तु थोकबिक्रेताहरू मध्येबाट छनौट भएका एक जना -सदस्य

(ख) कृषिवस्तु खुद्रा बिक्रेताहरू मध्येबाट छनौट भएका एक जना -सदस्य

(ग) तरकारी उत्पादकहरु मध्येबाट छनौट भएका एक जना -सदस्य

(घ) फलफूल उत्पादकहरू मध्येबाट छनौट भएका एक जना -सदस्य

(ङ) आलु उत्पादकहरू मध्येबाट छनौट भएका एक जना -सदस्य

(च) उपभोक्ताहरू मध्येबाट छनौट भएका एक जना -सदस्य

(छ) माछामासु उत्पादकहरू मध्येवाट छनौट भएका एक जना -सदस्य

(ज) दुग्ध उत्पादकहरू मध्येबाट छनौट भएका एक जना -सदस्य

(झ) कृषि विकास शाखा प्रमुख, सम्बन्धित स्थानीय तह -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम समितिका सदस्यहरुको छनौट सर्वसम्मति वा सोसियोम्याट्रिक्स प्रणालीबाट गरिनेछ। यसरी छनौट भएका सदस्यहरुले आफूमध्येबाट सर्वसम्मत वा बहुमतको आधारमा एक जना अध्यक्षको छनौट गर्नेछन्।

(३) उपनियम (२) बमोजिम सदस्य सचिव बाहेकका सदस्यहरुलाई मात्र मताधिकार हुनेछ ।

(४) उपनियम (१) बमोजिमका सदस्यहरुको पदावधि अध्यक्ष निर्वाचित भएको मितिले तीन वर्षको हुनेछ र निजहरू पुनः छनौट हुन सक्नेछन् ।

तर अध्यक्ष पदमा एकै ब्यक्ति लगातार दुई पदावधिभन्दा वढी छनौट हुन सक्ने छैन ।

(५) समितिले आवश्यक देखेमा विषयविज्ञ र सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपनियम (१) बमोजिम समितिका सदस्य हुनको लागि देहायको योग्यता भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) एक्काइस बर्ष उमेर पूरा भएको,

(ग) कृषि व्यवसायमा संलग्न छ भन्ने सम्बन्धित स्थानीय तह वा कार्यालयको सिफारिस,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको ।

(७) उपनियम (१) बमोजिम समितिका सदस्यहरुको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछः-

(क) निजको मृत्यु भएमा,

(ख) निजले आफ्नो पदबाट राजिनामा दिएमा ।

११. <u>कृषि तथा पशुपन्छी बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> नियम १० को उपनियम (१) बमोजिम समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजारको विकास बिस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ख) बजार सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवा, शर्त र सुविधा यकिन गरी स्वीकृत गर्ने,

(ग) कृषि बजारको सम्बन्धमा आवश्यक सूचना सर्वसाधरणका लागि सम्प्रेष्ण गर्ने,

(घ) बजारको विकास, विस्तार र बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने,

(ङ) उत्पादक, व्यापारी, उपभोक्ता, संघ, सस्था तथा अन्य सम्बन्धित निकायलाई बजार सेवा सुविधा उपलब्ध गराउने,

(च) कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मतसम्भार गर्ने,

(छ) बजार सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने,

(ज) बजार स्थल भित्रको फोहोरमैला व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने,

(ञ) वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही खर्च गर्ने,

(ट) बजारको दीर्घकालीन विकास र विस्तार सम्वन्धी गुरु योजना स्वीकृत गर्ने,

(ठ) गुणस्तरहीन खाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने, उपज र वस्तु खरीद-बिक्री गर्न नपाइने ब्यवस्था मिलाउने,

(ड) कानून विपरीत कार्य गरे नगरेको जाँच गर्ने,

(ढ) रोगी पशुपन्छी एवम पशुजन्य पदार्थ बिक्री वितरण गर्न नपाईने ब्यवस्था मिलाउने,

(ण) उपयुक्त स्थानमा बध गरी भण्डारण तथा ढुवानीमा उचित चिस्यान कायम गरेको मासु मात्र बिक्री बितरण गर्ने व्यवस्था मिलाउने ।

१२. समितिको दर्ता र नविकरण : (१) नियम १० को उपनियम (१) बमोजिमको समितिलाई कार्य क्षेत्र अनुसार सम्बन्धित स्थानीय तहमा दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता भएको समिति प्रचलित कानून बमोजिम नविकरण गर्नु पर्नेछ ।

## परिच्छेद–७

## अनुदान

१३. अनुदान सम्बन्धी व्यवस्थाः (१) कार्यालयले आफ्नो वार्षिक स्वीकृत बजेटमा भएका कार्यक्रमका लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीले एक आर्थिक वर्षमा कार्यालयबाट एक कार्यक्रमका लागि अनुदान प्राप्त गर्न सक्नेछ।

तर कृषि ऋणको व्याज, विद्युत महशुल, भन्सार शुल्क र बिमाको प्रिमियममा अनुदान दिन बाधा पर्ने छैन ।

(३) अनुदानमा सञ्चालन हुने कार्यक्रम व्यवसायको प्रकृतिको आधारमा कम्तीमा पाँच बर्षका लागि व्यवसायको निरन्तरता रहने गरी सम्बन्धित कार्यालयसँग सम्झौता गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्झौतामा उल्लेख भएका मुख्यमुख्य विवरण अनुदानग्राहीले कार्यक्रम कार्यान्वयन स्थलमा अनुदान रकम, स्वलगानी, व्यवसायको आकार लगायतका कुरा सूचनापाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ।

(५) अनुदानग्राहीलाई प्रदान गरिने अनुदानको प्रतिशत तथा सीमा अनुसूची-९ बमोजिम हुनेछ।

(६) एक पटक अनुदान पाएको अनुदानग्राहीलाई अनुदान प्राप्त गरेपछि सोही प्रकृतिको कामका लागि अनुदान प्रदान गरिने छैन।

तर व्यवसाय क्षेत्र विस्तार वा नवीन प्रविधिको प्रयोग वा व्यवसाय विविधीकरण गर्न औचित्यता खुलाई नियम ३ बमोजिमको उपसमितिले निर्णय गरेमा अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

१४. अनुदानको सूचनाः (१) अनुदान कार्यक्रमको प्रास्ताव आहानका लागि यस नियमावली बमोजिम कार्यालयले न्यूनतम पन्ध्र दिनको अवधि तोकी आफ्नो वेबसाइट वा अन्य सञ्चार माध्यमबाट अनुसूची-४ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो कार्यक्रमका लागि एउटा पनि प्रस्ताव नपरेमा थप सात दिनको समयावधि दिई पुनः दोस्रो पटक सूचना प्रकाशन गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि ऋणको व्याज, कृषि तथा पशुपन्छी बिमा शुल्कमा अनुदान, भन्सार शुल्क तथा विद्युत महशुलमा अनुदान कार्यक्रमका लागि कार्यालयले आर्थिक बर्षको प्रथम चौमासिकभित्र सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सूचना प्रकाशन भएपछि अनुदानग्राहीले अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्ताव, नेपाली नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपिका कागजात समेत पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम आवेदन पेश गर्दा अनुदानग्राहीले पाँच लाखसम्म अनुदान माग गरेका कार्यक्रमका लागि तीन सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि एक हजार रुपैयाँ निवेदन दस्तुर बुझाएको बैंक भौचर वा नगद रसिद पेश गर्नु पर्नेछ ।

१५. <u>अनुदानग्राहीको छनौटः</u> (१) नियम १४ को उपनियम (३) बमोजिम प्राप्त प्रस्तावलाई कार्यालयले प्रारम्भिक जाँचबुझ गरी रित पुगेका आवेदकहरुको सूची तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूची कम्तीमा दुईजना प्राविधिक कर्मचारीले स्थलगत अनुगमन गरी अनुसूची-८ को आधारमा प्राविधिक प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) कार्यालयले उपनियम (२) बमोजिम अनुदानग्राही छनौटका लागि प्राविधिक प्रतिवेदन नियम ३ बमोजिमको उपसमितिमा पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अनुसूची-८ मा उल्लिखित प्राप्ताङ्कको आधारमा प्राथमिकता निर्धारण गरी उपसमितिबाट अनुदानग्राही छनौट गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम उपसमितिको निर्णय अनुसार कार्यालयले अनुदानग्राही छनौट गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

१६. <u>लागत इष्टिमेट तथा सम्झौताः</u> (१) नियम १५ को उपनियम (५) बमोजिम छनौट भएका अनुदानग्राहीलाई आवश्यक कागजातसहित सम्झौता गर्न कार्यालयले न्यूनतम सात दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र सम्झौता गर्न आएका अनुदानग्राहीसँग कार्यालयले अनुसूची-६ वमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम लागत इष्टिमेट तयार गर्दा कार्यक्रम सञ्चालनका लागि खर्च हुने इन्धन, मसलन्द, अनुगमन, मर्मत लगायतका खर्च कूल लागत इष्टिमेटको साढे दुई प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिनेछ ।

(४) पाँच लाख रुपैयाँ भन्दा वढी लागत इष्टिमेट भएको कार्यक्रमको हकमा अनुदानग्राहीले प्रचलित कानून बमोजिम वैंक जमानत पेश गरेमा कार्यालयले वेहोर्ने रकमको बीस प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ र वाँकी रकम रनिङ्ग विलको आधारमा कार्यालयले भुक्तानी गर्न सक्नेछ ।

१७. **कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः** (१) नियम १६ को उपनियम (२) बमोजिम सम्झौता अनुसारको कार्यसम्पन्न भए पश्चात अनुदानग्राहीले सक्कल बिल, भौचर लगायत आवश्यक विवरण कागजात सहित कार्यालय समक्ष भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले सम्बन्धित विषयका प्राविधिकले स्थलगत अनुगमन गरी अनुसूची-७ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा कार्यालयले अनुदानग्राहीको वैंक खाता मार्फत वा अनुदानग्राहीको माग अनुसार सम्वन्धित आपूर्तिकर्ताको वैंक मार्फत भुक्तानी गर्नु पर्नेछ ।

१८. <u>न्युनतम समर्थन मूल्य निर्धारण तथा कार्यान्वयन:</u> (१) मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्दा कृषि उपज उत्पादक, वितरक, उपभोक्ता, बिज्ञ समेतको सुझावका आधारमा गरिनेछ ।

परिच्छेद-८

<u>विविध</u>

१९. <u>प्रगति विवरण</u> : यस नियमावली बमोजिम भए गरेका कामको प्रगति विवरण कार्यालयले चौमासिक रुपमा तालुक निकायमा पेश गर्नु पर्नेछ ।

२०. <u>अनुदानग्राहीको अभिलेख:</u> (१) कार्यालयले अनुदानग्राहीको अभिलेख अनिवार्य रुपमा राख्ने र सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेख कार्यालयले वार्षिक प्रगति पुस्तिकामा प्रकाशन गर्नु पर्नेछ ।

२१. <u>लेखा तथा लेखापरीक्षण</u> : कार्यक्रम खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

२२. <u>निर्देशन दिन सक्ने</u>: यस नियमावली बमोजिम सञ्चालित कार्यक्रम कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले कार्यालयलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित सबै निकायको कर्तव्य हुनेछ ।

२३. प्रचलित कानून बमोजिम हुने: यस नियमावलीमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२४. निर्देशिका वा कार्यविधि बनाउन सक्ने: मन्त्रालयले यस ऐन र नियमावलीको अधिनमा रही आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

२५. अनुसूचीमा थपघट वा हेरफेर : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

२६. खारेजी र बचाउ: (१) सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ र सुदूरपश्चिम प्रदेशको पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ खारेज गरिएका छन् ।

(२) उपनियम (१) बजोजिमका कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

सूचीकृत हुन आउने बारे सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति ....................

यस ................मन्त्रालय/निर्देशनालय/कार्यालयको आ.व. ......... को वार्षिक स्वीकृत कार्यक्रमहरुमा सहभागी हुन चाहने ईच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/ उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले तीस दिन भित्र तपसिलका कागजातहरू सहित तोकीएको ढाँचामा आवेदन दिई सूचीकृत हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

संलग्न कागजातहरु

१. संस्था दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपि

२. स्थाइ लेखा नम्बर वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४. लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

५. संस्थाको निर्णयको प्रतिलिपि

अनुसूची-२

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

**सुचिकृत गर्ने निवेदनको ढाँचा**

श्रीमान् प्रमुखज्यू,

....... ......... ......... ......... ........,

..................................... ।

विषयः सूचिकृत गर्ने बारे ।

महोदय,

तल लेखिए बमोजिमको व्यापार व्यवसाय गर्न निम्न लिखित नामको फर्म \कम्पनी \समूह \सहकारी तहाँ कार्यालयमा सूचिकृत गराउन ईच्छुक भएकोले आवश्यक कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

१. व्यक्ति/फर्म/संस्थाको नाम (नेपालीमा)

२. ठेगानाः जिल्ला...............न.पा./गा.पा............वडा नं......

३. मुख्य उद्देश्यः

४ हालसम्म संचालित कार्यक्रमहरुः

५ कार्यक्रम सञ्चालन गरेको स्थानः

६ सहभागी हुन चाहेको कार्यक्रम :

| रेखात्मक सही (रेखा स्पष्ट देखिने गरी) | |
|---|---|
| दायाँ | बाँया |

निवेदक

नामः-

पद :-

सही :-

मिति :

सम्पर्क नं

संलग्न कागजातहरु

२. संस्था दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपि

२. स्थाइ लेखा नम्बर वा भ्याट दर्ता प्रमाणपत्र प्रतिलिपि

३. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि

४. लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि

५. संस्थाको निर्णय प्रतिलिपि

अनुसूची-३

(नियम ५ को उपनियम (१) को खण्ड (ङ), नियम ५ को उपनियम (२) को खण्ड (ङ) र नियम ५ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)

**बृहत तथा विशेष कृषि उपज उत्पादन क्षेत्र छनौटको मापदण्ड**

| क्र.सं | कृषि उपज उत्पादन क्षेत्रको नाम | मुख्य कृषि उपज | कृषि उपज उत्पादनका लागि एकै क्लस्टरमा न्युनतम आधार | |
|---|---|---|---|---|
| | | | तराईमा (प्रति स्थानिय तह एउटै क्लष्टरमा) | पहाडमा (प्रति स्थानिय तह एउटै क्लष्टरमा) |
| १ | खाद्यान्न, तेलहन, दलहन उत्पादन क्षेत्र | खाद्यान्न | पाँच सय हेक्टर | एक सय हेक्टर |
| | | तेलहन तथा दलहन | तिस हेक्टर | पन्ध्र हेक्टर |
| २ | बागबानी उत्पादन क्षेत्र | फलफुल | बीस हेक्टर | दश हेक्टर |
| | | तरकारी, मसला बाली | बीस हेक्टर | दश हेक्टर |
| | | आलु | तीस हेक्टर | दश हेक्टर |
| ३ | पशुपंन्छी उत्पादन क्षेत्र | उत्पादनमा रहेका पशु (गाई, भैंसी आदि) | तिन सय पशु | दुई सय पचास पशु |

| | | | | |
|---|---|---|---|---|
| | | बाखा, च्याङ्ग्रा, भेडा | एक हजार माउ (बाखा, भेडा, च्याङ्ग्रा) | दुई हजार माउ (बाखा, भेडा, च्याङ्ग्रा) |
| | | कुखुरा हाँस टर्की कालिज आदी | पचास हजार | बीस हजार |
| ४ | निर्यातमुलक कृषि उपज उत्पादन क्षेत्र | अलैची, अदुवा, कफी आदी | बीस हेक्टर | पन्ध्र हेक्टर |
| ५ | अन्य कृषि उपज उत्पादन क्षेत्र (रैथाने) | स्थानीय रैथाने बाली | बीस हेक्टर | पन्ध्र हेक्टर |
| ६ | अन्य कृषि उपज उत्पादन क्षेत्र (प्राङगारिक) | प्राङगारिक कृषि प्रविधिको प्रयोग गरिएका बाली | बीस हेक्टर | पन्ध्र हेक्टर |
| ७ | मौरी | मह | दुई हजार मौरी गोला | एक हजार मौरी गोला |
| ८ | च्याउ | च्याउ | सय हेक्टर | पचास हेक्टर |
| ९ | माछा | माछा | दुई सय हेक्टर जलाशय वा पचास वटा बायोफ्लक टंकी | |

अनुसूची -४

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

**प्रस्ताव आव्हवान सम्बन्धी सूचनाको ढाँचा**

**प्रथम पटक प्रकाशित मिति .....................**

यस ................मन्त्रालय/निर्देशनालय/कार्यालयको आ.ब. ......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले सम्बन्धित क्षेत्रका ईच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/ उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ............. दिनभित्र तोकिएको ढाँचामा आवेदन पेश गर्न हुन आह्वान गरिन्छ ।

तपसिल:

१. कार्यालयको नाम:

२. आवश्यक कागजातहरु

अनुसूची-५
(नियम १४ को उपनियम (३) सँग सम्बन्धित)
**प्रस्तावको ढाँचा**

१. नामः-
ठेगानाः-
सम्पर्क नं.:-

२. हाल सम्म गरेका कामको विवरण:-

| सि.नं. | कामको विवरण | कति क्षेत्रफल/ संख्यामा गरेको | कहिले देखि गर्दै आएको | वार्षिक उत्पादन | वार्षिक बिक्री |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. प्रस्तावित कार्यक्रमको नामः-
कार्यक्रम सञ्चालन गरिने स्थलः
सञ्चालन गरिने क्रियाकलापहरु

| सि.नं. | क्रियाकलाप | इकाइ | परिमाण | कहिले गर्ने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

कार्यक्रम सञ्चालनका लागि आवश्यक जमीनः-
आफ्नैः भाडामाः जम्मा

४. कार्यक्रम सञ्चालन गरीने स्थलमा भौतिक पूर्वाधारहरू:-
बिजुलीः छ/छैन
सडकः छ (पक्की/कच्ची)/छैन

५. कार्यक्रम सञ्चालनका लागि आवश्यक उत्पादन समाग्रीहरू:-

| सि.नं. | उत्पादन सामग्रीको नाम | परिमाण | पाईने स्थान | गुणस्तर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

६. तालिम लिएको/नलिएको:-

| सि.नं. | तालिमको विषय | तालिम अवधि | तालिम लिने व्यक्तिको नाम | अन्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

७. लागत साझेदारी:-

८. जनशक्ति:-

| सि.नं. | विवरण | संख्या | वार्षिक कार्यदिन | कैफियत |
|---|---|---|---|---|
| १ | परिवारको सदस्य | | | |
| २ | स्थायी कर्मचारी | | | |
| ३ | दैनिक ज्यालादारी | | | |

९. उत्पादन विवरण:-

१०. उत्पादित वस्तुको प्रशोधन भण्डारण र बजारीकरण:-

१०.१ प्रशोधन योजना:- छ / छैन, छ भने के गर्ने:-...............

१०.२ भण्डारण योजना:- कहाँ कसरी कति परिमाणमा गर्ने

१०.३ बजारीकरण योजना:- कति परिमाणमा कुन बजारमा के कति परिमाणमा विक्री गर्ने

११. दीगोपना:-

अनुसूची-६

(नियम ८ को उपनियम (३) र नियम १६ को उपनियम (२) सँग सम्बन्धित)

**लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा**

कार्यालय......................

र..............................................बीच

.....................................कार्यक्रम

अन्तर्गत.................................. योजना सञ्चालनका लागि भएको

सम्झौता पत्र

कार्यालय...................... (यसपछि यस लिखतमा प्रथम पक्ष भनिने) र............................ (यसपछि यस लिखतमा दोस्रो पक्ष भनिने) बीच आ.व. ....................................... को ..............................................................कार्यक्रम अन्तर्गत ........................................ कार्यक्रम सञ्चालनका लागि तपसिलका शर्तनामाहरू तथा लागत साझेदारीको अधीनमा रहने गरी द्विपक्षीय सम्झौता गरिएको छ ।

**शर्तहरू:**

१. यस सम्झौता बमोजिमको कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले रु..................... (अक्षेरुपी रु. .................................. मात्र) बेहोर्नेछ भने दोस्रो पक्षले रु...................... (अक्षेरुपी रु. .................................. मात्र) बराबरको नगद, जिन्सी तथा श्रमदान जुटाउनेछ ।

२. कार्यक्रमको लागत साझेदारी तथा इष्टिमेट

| क्र. सं. | विवरण र/ क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा रकम रु | कार्यालय को अनुदान रु. | आवेदकको स्वलगानी रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| जम्मा रु | | | | | | | |

३. दोस्रो पक्षले सञ्चालन गर्ने सम्पूर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्नेछ ।अनुदान रकम को कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरीद ऐन तथा नियमावली वमोजिम गर्नु पर्नेछ। प्राविधिक द्वारा लागत इष्टिमेट तयार गरी निर्माण कार्य गर्नु पर्नेछ भने कार्य सम्पन्न भएपछि प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ ।

४. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रम सम्वन्धी पूर्ण जानकारी झल्किने बोर्ड राखु पर्नेछ ।

५. प्रथम पक्षले कार्यलयको तर्फबाट सञ्चालन गरिने सम्पूर्ण क्रियाकलाप प्रचलित कानुन बमोजम निर्माण र खरिद गरी दोस्रो पक्षलाई हस्तान्तरण गर्नेछ ।

